

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ २४ गते शुक्रबार ❑ 9 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा महानगरले चलायो डोजर

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौं**

पोखरा महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका दुईवटा भवनमा डोजर चलाएको छ । पोखरा-९ महेन्द्रपुलस्थित महानगरका भवन भत्काउन बिहीबार डोजर चलाइएको हो ।

महानगर प्रमुख धनराज आचार्य, वडानं ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी सहित नगर प्रहर ीसहितको टोलीले भवनका सटर भत्काउन सुरु गरेको हो ।

महेन्द्रपुलबाट रानीपौवा जाने सडकको वारिपारि रहेका सार्वजनिक पुस्तकालय र आर्ट ग्यालरी रहेका दुई तलाका भवन भत्काएर सार्वजनिक उद्यान बनाउने महानगरको योजना छ । महानगरले दिउँसो ट्राफिक जाम हुने भएकाले रातको समयमा भवन भत्काएर खाली गर्ने काम जारी रहने जनाएको छ ।

महानगरका यी दुई भवन ४० वर्षअघि निर्माण गरिएका हुन् । भवनका तला-तलामा ३० सटर महानगरले भाडामा लगाए पनि नियमित भाडा नउठेको र बिचौलियाले फाइदा लिएको महानगरले जनाएको छ । भाडामा लगाइएका सटरलाई हट्न महानगरले सात दिनको दुईपटक र पुनः ३५ दिने सूचना दिएर आग्रह गरेको थियो । सूचनाको म्याद सकिएको भोलिपल्ट डोजर चलाउन सुरु गरिएको हो ।




वडाध्यक्ष मर्सानीले भवनमा व्यापार व्यवसाय गर्दै आएका व्यापारी र अन्य प्रयोजनका लागि बसेका सबैलाई त्यहाँबाट हट्न सार्वजनिक सूचना जारी प्रक्रिया पूरा गरेर भत्काउन सुरु गरिएको बताउनुभयो ।

महानगरले भवन हटाएपछि भवनले चर्चेको जमिनमा सार्वजनिक पार्क र सार्वजनिक शौचालय निर्माण गर्ने योजना रहेको उहाँले सुनाउनुभयो । उहाँले भन्नुभयो, "भवन हटाएपछि यसले चर्चेको जमिनमा पोखराको सौन्दर्य वृद्धि गर्ने गरी पार्क र सार्वजनिक शौचालय निर्माण गर्नेछौँ ।" महानगरले पुस्तकालय र ग्यालरीका लागि भने पृथ्वीचोकस्थित साविकको ट्राफिक भवन भएको स्थलमा बन्ने भवनमा ठाउँ व्यवस्था गरिने जनाएको छ । पृथ्वीचोकमा भवनका लागि रु दुई करोड लागत अनुमान गरिएको छ । सो भवन दुई रोपनी जमिनमा बन्नेछ । पोखरा महानगरपालिकाले पछिल्ला केही दिनयता सार्वजनिक जमिनमा निर्माण गरिएको संरचना हटाउन सुरु गरेको छ । वडा कार्यालयले सूचना जारी गरी आ-आफ्नो क्षेत्रभित्र सार्वजनिक जमिन अतिक्रमण गरी बनाइएको संरचना भत्काएका हुन् । पोखरा-२५ हेमजाले राष्ट्रिय गौरवको मध्यपहाडी राजमार्गमा सार्वजनिक जमिन अतिक्रमण गरी सडक मापदण्डभित्रका संरचना हटाउन सुरु गरेको सो वडाका वडाध्यक्ष एवं महानगरका प्रवक्ता मोतीराज तिमिल्सिनाले बताउनुभयो ।

## कास्कीमा गठबन्धनलाई मजबुत बनाउन चियापान तथा भेटघाट

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौं**

नेपाली कांग्रेस कास्कीको आयोजनामा आज पाँच दलीय गठबन्धनबीच चियापान तथा भेटघाट कार्यक्रम गरिएको छ ।

पोखराको चिप्लेढुङ्गास्थित नेपाली कांग्रेसको पार्टी कार्यालय प्राङ्गणमा आयोजित कार्यक्रममा नेपाली कांग्रेसहित नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका कास्कीमा रहेका केन्द्रीय र जिल्लास्तरका नेताको सहभागिता थियो ।

चियापानमा नेपाली कांग्रेसका तर्फबाट पूर्वसभामुख एवम् नेपाली कांग्रेसका पूर्वमहामन्त्री तारानाथ रानाभाट, पूर्वमन्त्री यज्ञबहादुर थापा, माओवादी केन्द्रका तर्फबाट राजकाजी गुरुङ, विश्वप्रकाश लामिछाने, एकिकृत समाजवादीका तर्फबाट पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलगायतका सबै गठबन्धन दलका नेताको उपस्थिति रहेको कांग्रेस कास्कीका सचिव भानु ढकालले जानकारी दिनुभयो ।

गत स्थानीय निर्वाचनमा गठबन्धनका क्रममा देखिएका कमीकमजोरीलाई समीक्षा गरी आगामी दिनमा थप सशक्त बनाएर अधिकतम उपलब्धि हासिल गर्नेतर्फ केन्द्रित हुनका लागि चियापानको सुरुवात गरिएको उहाँले बताउनुभयो । यस संयुक्त चियापान तथा भेटघाटलाई विजयादशमीका अवसरमा कास्कीका ७२ वटै वडामा लगिने उहाँले जानकारी दिनुभयो । कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले इमान्दारितापूर्वक एकता कायम गरी गठबन्धनका उद्देश्यलाई सफल पार्नुपर्ने बताउनुभयो । उपलब्धी प्राप्तिका लागि गठबन्धनका दलबीचीच निरन्तर छलफल जारी राख्नुपर्ने बताउँदै उहाँले यसको सुरुवात कास्की कांग्रेसले जिल्लास्तरबाट थालेको उल्लेख गर्नुभयो ।

यसैबीच नेपाली कांग्रेसले शुरु गरेको "जनताको साथमा कांग्रेस" अभियानको पहिलो चरणको कार्यक्रम शुक्रबार वीपी जयन्तीसँगै समापनको अवसरमा कास्कीभर विविधि कार्यक्रम गरिने कांग्रेसका सहसचिव नविन सिग्देलले जानकारी दिनुभयो ।

## पोखरा विश्वविद्यालयद्वारा शिक्षण अस्पताल सञ्चालनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौं**

पोखरा विश्वविद्यालयले शिक्षण अस्पताल सञ्चालनमा ल्याएको छ । बुधबार उक्त विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले अर्थोपेडिक ओपिडी र विश्वविद्यालयका रजिस्ट्रार प्रा डा दीपकबहादुर भण्डारीले स्त्री तथा प्रसूति ओपिडीको शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा पहिलो बिरामीका रूपमा स्थानीय महिला सुशीला रेग्मीलाई प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा मदन खड्काले उपचार गरी कार्यको थालनी गरिएको थियो । उपकुलपति प्रा डा अर्यालले शिक्षण अस्पताल विश्वविद्यालयका लागि अपरिहार्य रहेकाले त्यसको सुरूआत गर्न सकिएकामा आफू अत्यन्तै भाग्यमानी रहेको बताउनुभयो ।

विश्वविद्यालयले हालै नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग स्वास्थ्यका लागि समझदारीपत्रमा हस्ताक्षर गरेको उल्लेख गर्दै उपकुलपति अर्यालले विश्वविद्यालयको स्तरोन्नतिका लागि विद्यार्थी सङ्ख्या बढाउनुपर्नेमा जोड दिनुभयो ।

विश्वविद्यालयले देशका विभिन्न भागमा आङ्गीक क्याम्पस खोल्ने तथा दुई वर्षभित्र एमबिबिएसको पठनपाठन सुरू गर्ने प्रतिबद्धता अर्यालको छ । हाल एक जना प्रसूति तथा स्त्रीरोग विशेषज्ञ एवं एक जना अर्थोपेडिक सर्जन गरी दुई जना डाक्टरमार्फत १० बजेदेखि २ बजेसम्म टिकट शुल्क लिएर बहिरङ्ग सेवा (ओपिडी) सञ्चालन हुने बताइएको छ । दुई जना मेडिकल अफिसरसमेतको सहयोगमा जनरल मेडिसिन, अन्य चोटपटक, दुर्घटनासम्बन्धी बिरामीको जाँच हुनेछ । अस्पतालमा दैनिक एक सयदेखि दुई सय जनासम्मलाई ओपिडीमा सेवा दिन अस्पताल जनशक्ति तम्मतयार रहेको जनाइएको छ । आकस्मिकका लागि १० शय्या र ९० साधारण शय्या राख्ने गरी कार्य अगाडि बढाइने जानकारी विश्वविद्यालयलले दिएको छ ।

## क्रिकेट कप्तान लामिछानेमाथि पक्राउ पुर्जी जारी

**रासस**
**काठमाडौं, २३ भदौं**

बालिका करणीको आरोप लागेका नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेमाथि काठमाडौँ जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको छ ।

मुलुकी अपराध संहिता २०७४ अन्तर्गत परिच्छेद-१८ को दफा २१९ को 'जबर्जस्ती करणी गर्न नहुने' कसुरमा लामिछानेउपर थप अनुसन्धान गर्नका लागि अदालतबाट पक्राउ पुर्जी जारी भएको जिल्ला प्रहरी परिसर काठमाडौँले बिहीबार एक सूचना जारी गरी जनाएको छ । लामिछाने लिग क्रिकेट खेलका सिलसिलामा हाल मुलुक बाहिर छन् । अपराध संहिताको दफा २१९, (२) मा कसैले कुनै महिलालाई महिलाको मञ्जुरी नलिइ करणी गरेमा वा मञ्जुरी लिए पनि १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिने उल्लेख छ ।




सोही दफाको ३ (घ) मा १६ वर्ष वा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा कम उमेरकी महिलालाई करणी गरेमा १० वर्षदेखि १२ वर्षसम्म कैद हुने कानुनी व्यवस्था छ । उनीमाथि १७ वर्षीया नाबालिका अभिभावकले यही भदौ ६ गते जबर्जस्ती करणी गरेको आरोपसहित भदौ २१ गते मङ्गलबार प्रहरी वृत्त गौशालामा जाहेरी दिएका थिए ।

जाहेरीमा स्याङ्जा आरुचौर स्थायी घर भई हाल काठमाडौँको बूढानीलकण्ठ बस्ने लामिछानेले बालिकालाई यही ५ गते काठमाडौँ र भक्तपुरका विभिन्न स्थानमा घुमाएको र सोही दिनको राति काठमाडौँको एक होटलमा ल्याएर जबर्जस्ती करणी गरेको आरोप छ । जाहेरीपछि प्रहरीले ती होटलको सिसीटिभी फुटेज हेर्नेसहित विभिन्न अनुसन्धान गरिरहेको छ ।

यसै गरी नेपाल क्रिकेट सङ्घले नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान सन्दिप लामिछानेलाई टिमबाट निलम्बन गरेको छ । सो संघका कार्यवाहक सचिव प्रशान्तविक्रम मल्लद्वारा बिहीबार जारी विज्ञप्तिमा सङ्घको कार्यसम्पादन समितिको निर्णयअनुसार लामिछानेउपर करणी कसुरमा काठमाडौँ जिल्ला अदालतबाट पक्राउ पुर्जीसमेत जारी भएको अवस्थामा सङ्घबाट निलम्बन गरिएको जनाइएको छ ।

## नारीशक्ति जागरण आमा समुहमा प्यारी गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौं**

नारीशक्ति जागरण आमा समुह पोखरा १७ आँखा अस्पतालचोकको तेश्रो साधारण सभा तथा दोश्रो अधिवेशनले प्यारी गुरुङको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ ।

दुई बर्षे कार्यकाल रहेको सो समुहको उपाध्यक्षमा राधादेवी पौडेल लम्साल, सचिवमा पूर्णकला पोखरेल, कोषाध्यक्षमा सरास्वती नेपाल सुवेदी, सहसचिव मञ्जु के.सी, सहकोषाध्यक्षमा हरिकमला के.सी. चयन हुनुभएको हो । समुहको सदस्यहरुमा सिता पौडेल क्षेत्री, डीलमाया कार्की, दुर्गाकुमारी शर्मा, सुजिता पराजुली, कल्पना गोदार, पुष्पलक्ष्मी महर्जन, ज्योति शेरचन, आशा सेवा परिवार र अप्सरा गोदार रहनु भएको छ ।



अधिवेशनले कार्यसम्पादनका लागि बिभिन्न पाँच उपसमिति समेत गठन गर्ने निर्णय गरेको छ । अधिवेशनको उद्घाटन गर्दै पोखरा १७ का वडाअध्यक्ष राधिका शाही योगीले आमा समुहमार्फत नेतृत्व विकास गर्दै उद्यमशिलतासंग जोडिनु पर्ने आवश्यकता औल्याउनुभयो ।

गैरसरकारी संस्था महासंघ (गैसस) नेपालका अध्यक्ष रामप्रसाद सुवेदीले संवैधानिक व्यवस्थाले प्रदत्त अधिकारको उपयोग गर्न आमाहरु संगठित भएर अघि बढ्नु पर्नेमा जोड दिनुभयो । समुहका अध्यक्ष शिशिर गोदारको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार हरि बास्तोला, समाजसेवी लिलबहादुर जिसी, छहारी टोलविकास संस्थाका अध्यक्ष दिपक गोदारले आमा समुहले सभ्य समाज निर्माणमा अतुलनिय भूमिका खेल्दै आएको धारणा राख्नुभयो । समुहका सचिव राधादेवी पौडेल लम्सालले बार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष सरास्वती नेपाल सुवेदीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको कार्यक्रममा उपाध्यक्ष प्यारी गुरुङले स्वागत र नुँभएको थियो ।


## पोखरा उद्योग वाणिज्य संघको सादर निमन्त्रणा

**पोखरा उद्योग वाणिज्य संघको ३४ औ महाधिवेशन तथा ६८ औं साधारण सभाको समुद्घाटन समारोहमा सहभागिताको लागि संघका सदस्य महानुभावहरुलाई निमन्त्रणा पत्र पठाइसकिएको छ । कथंकदाचित निमन्त्रणा पत्र प्राप्त नभएमा यही सूचनालाई निम्तो मान्दै निम्न मिति, समय र स्थानमा आयोजना हुने समुद्घाटन सत्रमा यहाँहरुको गरीमामय उपस्थितिको लागि हामी हार्दिक अनुरोध गर्दछौं ।**

**मिति : २०७९ साल भाद्र २४ गते शुक्रबार**

**समय : बिहान ठीक १०:३० बजे ।**

**प्रमुख अतिथि :**

**गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेल**

**स्थानः पोखरा उद्योग वाणिज्य संघको सभाकक्ष, पोखरा-८, गैह्रापाटन**

**प्रार्थी**
**सुरेन्द्रमान विजुक्छे**
**महासचिव**
**पोखरा उद्योग वाणिज्य संघ**

पुनश्चः समुद्घाटन समारोह तोकिएको समयमा सुरु हुने तथा पोखरा टेलिभिजनबाट प्रत्यक्ष प्रशारण हुने पनि जानकारी गराइन्छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सिट बाँडफाँडमा गलाउने मौका

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि सत्ता गठबन्धनबीच सिट बाँडफाँटबारे मोडालिटी तय गर्न बनेको कार्यदलले शीर्ष नेतालाई प्रतिवेदन बुझाएको छ । कार्यदलले पाएको कार्यादेश सिट संख्यामा सहमति जुट्न सकेन।समयको चापले गर्दा कार्यदलले प्रतिवेदन बुझाएर प्रधानमन्त्री शेर बहादुर देउवालाई गलाउने र फकाउने मौका पाएका छन। प्रधानमन्त्री निवास बालुवाटारमा बसेको शीर्ष नेतासहितको कार्यदलको बैठकमा संयोजक कृष्ण सिटौलाले प्रतिवेदन हस्तान्तरण गरेका हुन् ।

कार्यदलले सिटबारे सहमति जुटेको क्षेत्र र नजुटेको क्षेत्रसमेत समेटेर प्रतिवेदन तयार गरी बुझाएको बताइएको छ । सो प्रतिवेदन शीर्ष नेतृत्वबाट थप अध्ययन गरेर सिट बागबण्डाबारे टुंगो लगाउने छन। त्यसका लागि शुक्रबार पनि बैठक बोलाइएको बताइए पनि शिर्ष नेताको राजधानी बाहिर कार्यक्रम तय भएका छन। नेताहरू आफ्नो पार्टीका गुटलाई मिलाउन पनि बैठक तन्काउदै लगेका छन। एक महिनाअघि पाँच दलीय गठबन्धनका नेताहरूले मंसिर ४ को निर्वाचनमा गठबन्धन गरेर जाने सहमति गरेका थिए। पाँच दलका शिर्ष नेताहरूका बैठकले सिट बाँडफाँडको मोडालिटी तयार गर्न ११ सदस्यीय कार्यदल गठन गरेको थिए।

कार्यदलमा करिब ९० सिटमा सहमति जुटेको छ । अन्य सिटमा कतै दोहोरो त कतै तेहेरो दाबी छ। 'एक सय ६५ प्रतिनिधिसभा क्षेत्रमध्ये ९० क्षेत्रको बाँडफाँड करिब टुंगिएको छ । करिब १० स्थानमा दोहोरो र करिब १५ स्थानमा तेहेरो दाबी छ र, बाँकी क्षेत्र कुन क्षेत्र कसले लिने भन्ने टुंगिन सकेको छ । कार्यदल सदस्यहरूले आ–आफ्नो पार्टीमा छलफल गरेर बिहीबार बैठकमा सहमति जुटेका सिटसम्म समेटेर प्रतिवेदन बुझाएका छन । नमिलेका सिट शीर्ष नेतृत्वले टुंग्याउनेछन । ०७४ र ०७९ को निर्वाचन परिणामलाई आधार मानेर क्षेत्रहरूमा दलहरूका दाबी गरेका छन ।' शीर्ष नेताहरूले एक सय ६५ प्रतिनिधिसभा र तीन सय ३० प्रदेश सभा सिटको अंकगणितको विश्लेषण गरेर प्रतिवेदन बनाउन कार्यदललाई जिम्मा दिएका थिए।

सोही आधारमा कार्यदल सदस्यहरू कुल सिटमा भन्दा क्षेत्रमै केन्द्रित भएर छलफल गरिरहेका छन् । दलहरूले सिट संख्याभन्दा बढी दाबी गरेका छन् । ९ भदौको गठबन्धन बैठकमा पहिलोपटक औपचारिक रूपमा दलहरूबाट सिट संख्याको दाबी पेस भएको थियो । एक सय ६५ सिटमा कांग्रेसले सय, माओवादीले ६०, एकीकृत समाजवादीले ४०, जसपाले ३१ सिट र राष्ट्रिय जनमोर्चाले दुई सिटमा दाबी गरेका थिए। निर्वाचन आयोगको कार्यतालिकाअनुसार २ र ३ असोजमा समानुपातिकतर्फको बन्दसूची पेस गर्ने समय छ । जसका लागि दलहरूसँग आठ दिन मात्र समय बाँकी छ। त्यस्तै, २३ असोजमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ताको कार्यतालिका छ।

कांग्रेस नेता कृष्ण सिटौलाको संयोजकत्वमा गठन भएको कार्यदलमा कांग्रेसबाट महामन्त्री गगन थापा र ज्ञानेन्द्रबहादुर कार्की, माओवादीबाट वर्षमान पुन र देव गुरुङ, एकीकृत समाजवादीबाट बेदुराम भुसाल र प्रमेश हमाल छन् । त्यस्तै, जसपाबाट रामसहायप्रसाद यादव, रकम चेम्जोङ र राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य छन् । कार्यदललाई साउन मसान्तभित्रै प्रतिवेदन तयार गर्न प्रारम्भिक निर्देशन दिइएको थियो । तोकिएको समय भन्दा तीन सातापछि प्रतिवेदन बुझाए पनि बाँकी दिनमा कस्ले कस्लाई गलाउने र फकाउन सक्छ त्यसैमा निर्भर रहन्छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# एगाको अध्यक्षमा भण्डारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

इम्ब्रोइडरि एन्ड गार्मेन्ट एसोसिएसन (एगा) पोखराको इन्द्र भण्डारीको अध्यक्षतामा नयाँकार्यसमिचि चयन भएको छ।

पोखरामा बुधबार सम्पन्न भएको १९ औं बार्षिक साधारण सभा तथा १० औं अधिवेशनबाट भण्डारीको अध्यक्षतामा आगामी दुई बर्षेकार्यकालको लागि सर्वसम्वत रुपमा चयन भएका हुन्। एसोसिएसनको उपाध्यक्षमा गोकर्ण लम्साल, सचिबमा गिता ढकाल पौडेल, सहसचिबमा सुरेन्द्र पौडेल, कोषाध्यक्षमा माया सुवेदी सर्वसम्वत रुपमा चयन भएका हुन् । त्यस्तै अन्य सदस्यहरुमा शुसिल ढकाल, रमेश सुवेदी, रामकृष्ण तिमिल्सिना, नारायण प्रसाद पाण्डे र होमराज भण्डारी रहेका छन् । यसैबिच, उक्त एसोसियसनको उद्घाटन गर्दै गण्डकी प्रदेशका सांसद राजीव पहारीले गण्डकी प्रदेशको राजधानिमा पर्यटन प्रबर्द्धन गर्न यस्ता संस्थाहरुको भूमिका रहने बताए । उनले नेपाली उत्पादन गर्न तर्फ गार्मेन्ट व्यवसायीहरुलाई आग्रह गरे । एसोसियसनका अध्यक्ष विश्वराज पोखेलको अध्यक्षतामा कार्यक्रममा सम्पन्न भएको सचिव गिता ढकाल (पौडेल)ले बताइन् ।

# मनाङका चौँरीमा भ्यागुते रोगको उपचार

**रासस**
**मनाङ, २३ भदौ**

हिमाली जिल्ला मनाङका चौँरीमा भ्यागुते रोग लागेको पुष्टि भएकाले उपचार थालिएको छ। मनाङ ङिस्याङ गाउँपालिका–३ र ५ नं वडाका चौँरीखर्कमा रहेका चौँरीमा देखिएको यो रोगको उपचार गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ।

पशुचौपाय बिरामी परेको थाहा पाउनासाथ चौँरीखर्कमा पुगेर प्राविधिक टोलीले स्थलगतरूपमै उपचार गर्नाका साथै थप नमूना सङ्कलन गरी परीक्षणका लागि पठाइएकामा भ्यागुते रोग लागेको पुष्टि भएकाले उपचार गरिएको केन्द्रका प्रमुख नारायण कुसुमले जानकारी दिनुभयो।

"डावल क्षेत्रको खर्कमा रहेका चौँरीमा देखिएको लक्षणका आधारमा किसान र प्राविधिकले भ्यागुते रोगको आशङ्का गरेकामा पुष्टि भएकाले उपचार पछि अहिले चौँरी मर्ने र बिरामी हुने क्रम नियन्त्रणमा आएको छ", उहाँले भन्नुभयो। समुद्र सतहदेखि चार हजार पाँच मिटरको उचाइमा रहेको हिमताल क्षेत्रस्थित चरन खर्कमा चौँरी बिरामी परेका थिए, " अहिले रोग नियन्त्रणमा आएको छ । पशुचौपायमा लागेको रोग पूर्णरूपमा निको भएपछि जिल्लामा खोप अभियान चलाउने तयारीमा छौँ", केन्द्रका प्रमुख कुसुमले भन्नुभयो, "जिल्लाका अन्य क्षेत्रका खर्कमा रहेका चौँरीमा भने यो रोग देखिएको छैन । रोग नियन्त्रणमा आएपछि चौँरीका लागि खोप अभियान सञ्चालन गरिनेछ ।" उक्त रोगबाट ३० पशुचौपाय मरेका थिए । सङ्कलित नमूना रोग निदानका लागि प्रादेशिक पशुरोग प्रयोगशाला पोखरा पठाइएको थियो । ती बिरामी पशुमा एक्कासि एक सय छ डिग्रीसम्म ज्वरो आउने, अत्यधिक र्‍याल काढ्ने, श्वास फेर्न गाह्रो हुने, खान मन नगर्ने, घाँटी सुन्निने, श्वास फेर्न गाह्रो भएकाले मुख खोलेर आवाज निकाली कराउने र लक्षण देखिएको दुई घण्टादेखि दुई दिनभित्र मर्ने गरेका थिए।

# लेक साइडमा हारमोनि क्याफे संचालनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

पोखरा महानगर पालिका वडा नं ६ बैदाम लेकसाइड नारेश्वरमा नयाँ हारमोनि क्याफे संचालनका आएको छ ।

पोखरा महानगर पालिका वडा नं ६ बैदाम लेक साइड निवासी यूवाँ ब्यवसायी प्रदिप छिन्दालले क्याफे संचालनमा ल्याएका छन । कफि पारखीहरुलाई मध्यनजर गर्दै संचालनमा ल्याएको क्याफेमा नेपालका स्याङ्जा र पाल्पा जिल्लामा नै उत्पादित अर्गानिक कफिलाई रोस्टेट विन्स मार्फत कफि मेशिनमा गलाइन्ड गरि आठ प्रकारका कफि तयार पारिने संचालक प्रदिपले जानकारी गराए । कफि पारखीहरुलाई बास्तविक कफिको स्वाद दिनका लागि आफुले क्याफे संचालनमा ल्याएको बताए । बुधबारदेखि संचालनमा आएको क्याफेमा करिब पचास लाखको लगानि रहेको कफि सपमा पाँच जनाले रोजगारी पाएको जानकारी गराए । निकट भविष्यमा लेकसाइडको गौरीघाट, राष्ट्बैंक चोक, न्युरोड र अमरसिह चोकमा समेत शाखा विस्तार गर्ने योजना रहेको उनले सुनाए । कार्यक्रममा नेपाली कांग्रेस पुतली बजार नगर पालिका वडा नं ६ स्याङ्जा टक्सारका सभापति तथा गण्डकी टेलिभिजनका अध्यक्ष राजु केसीले क्याफेको उद्घाटन गर्दै युवाहरु अहिलेको परिवेशमा उत्पादन मुलक काममा लाग्नु पर्ने बताए।

नेपालका अधिकांश युवाहरु कामको खोजीमा बिदेश पलाएन भएको अवस्थामा नेपालमा नै बसेर आफ्नै क्षेत्रमा केही गरौ भनेर लाग्ने युवाहरुलाई राष्ट्र र समाजले प्रोसाहन गर्नु पर्नेमा जोड दिए। उनले राम्रो कामको सुरुवात भनि ब्यवसायीको प्रशंसा गरे । नेपाल दलित संघ पोखरा महानगर पालिका वडा नं ६ अध्यक्ष सन्दिप दियालीले युवाँहरुको जोश जागर लाई राज्यले चिन्न नसक्दा अधिकाशं युवाँ बिदेश पलाएन हुनु परेको बताए । युवाहरुको जोश जागर लाई उत्पादन क्षेत्रमा प्रयोग गर्ने सकेमा राष्ट्र समृद्दि तर्फ आगाडि बढ्ने विश्वास ब्यक्त गरे।



## पसल बिक्रीमा

**पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।**

**सम्पर्कः**
**९८२७१९९५८६**
**९८१९१७११७८**


# बाँझापाटन तमु समाजको ५० औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन तमु समाजको ५० औं वार्षिक साधारण सभा तथा सम्मान कार्यक्रम बिहीवार सम्पन्न भयो ।

विस. २०२९ सालमा स्थापना भएको समाजले आफ्नै भवनमा सो कार्यक्रम गरेको हो । वडा नं १३ की कार्यवाहक अध्यक्ष सुचिता तामाङले साधारण सभाको उद्घाटन गर्दै समाजमा सबै सदस्यहरु सकारात्मक सोच लिएर अगाडि बढ्नु पर्ने धारणा राखिन्। सकारात्मक सोचले मात्र हरेकको जीवनमा खुशी ल्याउने हुँदा सदस्य खुशी भए समाज खुशीमय बन्दै जाने कार्य वाहक अध्यक्ष तामाङले भनिन् । सो सभामा गुरुङ र तामाङको डेसमा बाबाआमा, दाजुभाइ र दिदीवहिनी देख्दा आत्मैदेखि



खुशी छाएको अध्यक्ष तामाङले खुलासा गरिन् । हामी डेसमा मात्र रमाएर हुँदैन अव भाषामा पनि पुर्ण हुनाको लागि पाठशाला खोलेर भाषा सिकाउनु पर्नेमा कार्य वाहक अध्यक्ष तामाङले जोड दिइन्। बाँझापाटन तमु समाजका अध्यक्ष नासु कृष्ण वहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा मिली जुली तमु समाजका अध्यक्ष मानकाजी गुरुङ, हिमे जुरे तप्राङ तमु समाजका नासु टेक वहादुर गुरुङ, बाँझापाटन तमु समाजका कोषाध्यक्ष भिमसिंह गुरुङ लगायत बोलेको कार्यक्रममा बाँझापाटन तमु समाजका उपाध्यक्ष सु. इन्द्रवहादुर गुरुङले स्वागत र बाँझापाटन तमु समाज आमा समुहको सचिव पुर्ण कुमारी गुरुङले संचानल गरेकि थिइन ।

# असोज पहिलो साता प्रदेश स्तरिय खेलकुद पत्रकारिता तालिम हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

आउँदो असोज महिना पहिलो साता पोखरामा प्रदेश स्तरिय खेलकुद पत्रकारिता तालिम हुने भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजना, राष्ट्रिय खेलकुद परिषद, गण्डकी खेलकुद परिषद लगायतका विभिन्न संघ संस्थाको सहयोगमा उक्त तालिम असोजको ४ र ५ गते पोखरामा हुने भएको मञ्चले जनाएको छ।

मञ्चका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा बिहीबार बसेको बैठकले उक्त निर्णय गरेको उपाध्यक्ष सुरज श्रेष्ठले बताए । श्रेष्ठका अनुसार अध्यक्ष बरालको संयोजकत्वमा उक्त तालिम हुने भएको छ । गण्डकी प्रदेशका कास्की सहित ११ जिल्लाका खेलपत्रकारहरुको लागि उक्त तालिम हुने भएको अध्यक्ष बराललेे जनाए ।

असोज २८ देखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सन्दर्भमा ३६ खेलहरुको समाचार लेखनमा सहज पुऱ्याउने उद्धेश्यले उक्त कार्यक्रम आयोजना गर्न लागिएको मञ्चले जनाएको छ। मञ्चमा हाल ७४ जना खेल पत्रकार आबद्ध रहेका छन्।

# सहकारीहरुलाई उत्पादन सहित कृषि क्षेत्रमा लगानी गर्न मन्त्री बरालको सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौ**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सहकारीहरुलाई उत्पादन सहित कृषि क्षेत्रमा लगानी गर्न आग्रह गर्नु भएको छ।

पोखरा २ को समदर्शी महिला बचत तथा ऋण सहकारी संस्था विहिबार पोखरामा सम्पन्न भएको १३ औं बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले सहकारीहरुले आफ्नो उद्धेश्य अनुरुप काम कमैले गरेको उल्लेख गर्दै उत्पादन सहित कृषि क्षेत्रमा लगानी गर्न आग्रह गर्नु भएको हो । उहाँले सहकारीको उद्धेश्य अनुरुप काम गर्न सुझाव दिनु भयो । महिलाहरुको जन जीवन माथि उठाउन उत्पादन र उद्यमशीलता तर्फ केन्द्रित हुदै कृषि क्षेत्रलाई प्रथामिकता दियर लागेमा राज्यले यस्ता सहकारीलाई सहयोग गर्ने बताउनु भयो। नेपालमा उत्पादनको प्रवल सम्भावना हुदा हुदै करिब ४ खर्ब भन्दा बढीको खाद्य पदार्थ विदेशबाट भित्राउनुले नेपालको अर्थतन्त्रलाई यसले निकै कमजोर बनाएको मन्त्री बराललेे बताउनु भएको छ । उहाँले भन्नु भयो "नेपालमा कुनै पनि ठाँउमा मरभूमि त छैन नी, यहाँ प्रायः जहाँ जे रोपे पनि फल्न सक्छ यसमा उत्पादन गर्ने उद्धेश्यले सहकारीले कृषिको क्षेत्रमा लगानी गर्नु पर्छ।"

उपभोक्ता सहकारी संघकी केन्द्रिय सदस्य चन्द्रकुमारी ढकाल (पराजुली) ले एक सहकारी एक उत्पादन अभियान सफल पार्न सबै लाग्न आग्रह गर्नु भयो। आम्दानीसँगै बचत गर्न उहाँको सुझाव थियो। राष्ट्रिय सहकारी बैंक पोखरा न्यूरोड शाखाका गणेश पाण्डेले सहकारीहरुमा कम उद्यमशिलता भएको र सरकारबाट सहकारीमा हुने अनुदान उचित ढंगले प्रयोग नभएको दाबी गर्नू भयो। जिल्ला सहकारी



संघका बरिष्ठ उपाध्यक्ष छविलाल लामिछानेले उत्पादनशिल उद्योग समेत स्थापना गर्न आग्रह गर्नु भयो । संस्थाका उपाध्यक्ष प्रमिला तुलाचनले महिलाहरुको जीवनस्त उकास्न यस सहकारीले महत्वपुर्ण भुमिका खेलेको दाबी गर्नु भयो । संस्थाका अध्यक्ष मैनादेवि रावलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा लेखा समितिका संयोजक पिमला शर्मा, सचिव रिक माया गुरुङ, सदस्य मिना कुमारी ढकाल लगायतले बोल्नु भएको थियो । उक्त अवसरमा उत्कृष्ट कारोवार गर्ने सिता भुजेल, उत्कृष्ट बचत कर्तामा लक्ष्मि अधिकारी दाहाल, उत्कृष्ट कर्जा तर्फ यूनिका तामाङ र बिषेश बचत कर्तामा विनिता भट्टचन गौचन घोषित हुनु भएको छ। ४ सय ९० जना शेयर सदस्य रहेको उक्त सहकारीमा शेयर पूँजि भने २ करोड ३५ लाख ५८ हजार रहेको छ। त्यसै गरी सहकारीले ४ करोड ९७ लाख ५ हजार ९ सय ८२ रुपैया ऋण लगानी गरेको छ। पोखरा २ मा कार्यालय रहेको उक्त सहकारीको पोखरा २, ३, ४, ५, ६, ७, ८, ९ र १७ वडाहरुमा कार्य क्षेत्र रहेको छ। १३ बर्ष अघि २८ जना शेयर सदस्यबाट उक्त सहकारी सुरु भएको थियो।

## पोखरा महानगरपालिका वडा नं. १३ को सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १२, निवासी हर्कजंग गुरुङको बुहारी, बादीलाल गुरुङको श्रीमती सुन कुमारी गुरुङ पोखरा म.न.पा. १३ अन्तर्गत पर्ने कि. नं. ३८० को क्षेत्रफल २५०.३१ वर्ग मि. जग्गामा पूर्व कि.नं. १५२, १५६ पश्चिम बाटो, दक्षिण कि.नं. ७८, ७४ रहेका मध्ये उत्तर कि.नं. ३७८ को सधियारा सम्पर्कमा आइनपुगेको हुँदा उक्त जग्गाका जग्गाधनी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस वडा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ।

**सम्पर्कः पोखरा महानगरपालिका वडा नं. १३ कार्यालय**
**सम्पर्क व्यक्तिको नं. ९८४६९७६२३४**

# होटल संघ पोखराको साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौं**

निर्माणको अन्तिम चरणमा पुगेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तोकिएकै मितिमा संचालनका लागि आबश्यक तयारी तीव्र पार्न सरोकारवालाहरुले जोड दिएका छन् ।

होटल संघ पोखरा नेपालको ४१ औं वार्षिक साधारण सभाका अवसरमा वक्ताहरुले उक्त विमानस्थल संचालनमा ल्याउने क्रममा पहिलो उडान अन्तर ार्ष्ट्रिय प्रकृतिको नै हुनुपर्ने माग गरे । कार्यक्रममा बोल्दै संघका अध्यक्ष लक्ष्मण सुवेदीले लामो दवावपछि विमानस्थलको निर्माण कार्य अनसन नै बसेर सुरुवात गराउनुपरेको स्मरण गराए । उनले नयाँ विमानस्थललाई घरेलु विमानस्थलका रुपमा अगाडि बढाउने चलखेल हुन सक्ने भन्दै त्यसविरुद्ध सम्पूर्ण गण्डकी प्रदेशवासी एक हुनुपर्ने भनाई राखे । सो अवसरमा बोल्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले विमानस्थल संचालनमा ल्याउनुपूर्व गर्नुपर्ने रिट्ठेपानी डाँडाको कटान र ल्याण्डफिलसाइटको स्थान्तरण समयमै हुनुपर्नेमा जोड दिए । उनले डाँडो कटान सक्न ६ महिना सम्मको अवधि लाग्ने कुरा समेत उठेको भन्दै यसले विमानस्थलको संचालन पछि



धकेल्नसक्नेतर्फ ध्यानाकर्षण गराए । आबश्यक परे परिषद् र यस अन्तर्गतका संस्थाहरु डोजर लिएर डाँडो काट्न जानुपर्ने भनाई पनि उनले राखे । यसअघि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कार्यक्रमको उद्घाटन गरेका थिए । उनले पोखराको विकासका लागि आफू दिनरात नभनी खटिरहेको बताउँदै पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने सवालदेखि विमानस्थल संचालनसम्मका कामप्रति आफू सचेत रहेको भनाई राखे । 'पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालन : पोखरा र गण्डकी प्रदेशको पर्यटन' उद्घोषसहित संघले आयोजना गरेको साधारणसभामा बोल्दै होटल संघ नेपाल (हान) की अध्यक्ष सिर्जना राणाले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने सवालमा केन्द्रिय हानको पूर्ण सहयोग रहने भनाई राखिन् । अब सरकारको मात्र मुख ताकेर बस्ने अवस्था नभएको भन्दै उनले प्रबर्द्धन लगायतका काममा व्यवसायी आफैं अगाडि बढ्नुपर्ने वेला आएको बताइन् । पर्यटक आगमन दरको अवस्था हेर्दा अहिले पनि नेपालको पर्यटन जटिल अवस्थामा रहेको पुष्टी हुने उनले सुनाइन् । जमना अनुसार अहिले डिजिटल र आधुनिक मार्केटिङमा जोड दिनुपर्ने अवस्था आएको बताउँदै उनले कुन प्रकारका पर्यटक हामीले भित्र्याउन खोजेको हो त्यसमा प्रष्ट हुनुपर्ने भनाई राखिन् । सरकारले पर्यटन क्षेत्रलाई पनि उद्योगको मान्यता दिनुपर्ने माग राख्दै उनले चालू बजेटमा पर्यटनका लागि विगतमा जस्तो राहातका कार्यक्रम नसमेटिनु आश्चर्यलाग्दो भएको बताइन् ।

हानका केन्द्रिय सदस्य एवं होटल संघ पोखरा नेपालका सल्लाहकार भरतराज पराजुलीले पृथ्वीराजमार्गको मुग्लिन पोखरा खण्ड र महेन्द्र राजमार्गको वुटवल नारायणगढ खण्डमा सडकको स्तरोन्नती अति सुस्त गतिमा हुँदा पर्यटनलाई असर परेको बताए । यसकारण पनि पोखराको नयाँ विमानस्थल यथासक्य शीघ्र संचालनमा ल्याई रातिमा समेत उडान हुने व्यवस्था गर्नुपर्ने भनाई पराजुलीले राखे । होटल संघ नेपाल गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले कोभिडपछि पनि सरकारले चर्को कर असुल्न नछाडेको भन्दै पर्यटन क्षेत्रमा मजदूरका लागि व्यवस्था गरिएको १० प्रतिशत सेवा शुल्क दुईतीन बर्ष स्थगित गर्न सके कोभिडले थला परेको पर्यटन क्षेत्र अघि बढ्न सहज हुने भनाई राखे । उनले घण्टा प्रणालीको आधारमा मजदूरलाई काम लगाउने व्यवस्था पनि सुरु गर्नुपर्ने वेला आएको बताए । सो अवसरमा संघका महासचिव राजेन्द्र ढकालले संघले एक बर्षमा गरेका र आगामी कार्यक्रमबारे अवगत गराएका थिए । कार्यक्रममा वक्ताहरुले कोभिडपछि पर्यटन क्षेत्र विस्तारै लयमा फर्के पनि सरकारले गतबर्षजस्तो राहातका कार्यक्रम नल्याएको गुनासो गरेका थिए । कोभिडका वापजूद होटल क्षेत्र हतोत्साही नभएको होटल संघ पोखरा नेपालका अध्यक्ष सुवेदीले भनाई राखेका थिए । कोभिडका कारण धेरै मजदूर र व्यवसायी पलायन भएको स्मरण गराउँदै उनले व्यवसायीका समस्या बुझ्ने र सोही अनुसारको कानून बनाउने सरकार जरुरी भएको भनाई राखे । नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी र होटल संघ पोखरा नेपालका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठले पनि कार्यक्रममा भनाई राखेका थिए ।

# प्रजापति समूहको प्रचारप्रसार अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौं**

पवनकुमार प्रजापति र उनको समूहले घरदैलोलाई अन्तिम चरणमा पुर्याएको छ । सम्पूर्ण उद्योगी र व्यवसायीहरुको फर्म रहेकै ठाऊँमा पुगेर आफ्नो पक्षमा मत मागिसकेको यो समूहले प्रचारप्रसारको अन्तिम रणनीति अनुरुप संघमा आबद्ध बस्तुगत संघसंस्थाहरुलाई संस्थागत रुपमा भेट समेत गरिरहेको छ । त्यो बाहेक संघलाई नेतृत्व दिईसकेका पूर्व अध्यक्षहरुसँग भेट्ने कार्यक्रमलाई पनि समूहले तिव्रता दिएको छ ।

हामीले करिब शतप्रतिशत उद्योगी व्यवसायीहरुलाई प्रत्यक्ष भेटेर चुनावमा हाम्रो पक्षमा मत मागिसकेका छौं । र, पुनः दोहोर्याएर पनि मागिरहेकै छौं । संघमा रहेर उद्योगी व्यवसायीहरुको पक्षमा काम गर्ने अभिलाषासहित म र मेरो टिम चुनावी मैदानमा आएको हो । पवनकुमार प्रजापतिले भने हाम्रो सबै अवधारणा र कार्ययोजना उद्योगी व्यवसायीहरुसमक्ष सार्वजनिक गरिसकेका छौं । शायद यो पटक संघमा आबद्ध मतदाताहरुले मेरो नेतृत्वलाई सहर्ष रुपमा स्विकार्नुहुनेछ । अध्यक्ष प्रत्यासी पवनकुमार प्रजापतिले आफू क्रमैसंग उद्योग वाणिज्य संघको विभिन्न पदमा रहेर काम गर्दै



आएको र अहिलेको नेतृत्वका लागि सबैभन्दा उपयुक्त पात्र भएकोले पनि मतदाताहरुको ठुलो समर्थन जुटिरहेको बताए ।

त्यस्तै आफ्नो पक्षमा संघका पुर्वअध्यक्षहरुले पनि माहौल बनाईरहेको प्रजापतिले दाबी गरे । सबै हिसाबले मेरो नेतृत्व यो पटकको उद्योग वाणिज्य संघमा आउन योग्य छ भन्ने मेरो बुझाई हो । र, चुनावी प्रसारको क्रममा अहिलेसम्म पाएका प्रतिक्रियाहरुले पनि मेरो बुझाईलाई बल दिएको छ । पवनकुमार प्रजापतिले भने नेतृत्वमा आउनु मात्रै मेरो रहर होईन, म त नेतृत्वमा आएर समस्यामा रहेका उद्योगी व्यवसायीहरुलाई समाधानको बाटो पहिल्याउन आउन लागेको हुँ । नेतृत्वमा आएर काम गर्ने मेरो दृढ ईच्छाशक्ति, जोश, जाँगर र यसअघिको अनुभवले मलाई डोर्याएर यहाँसम्म ल्याएका हुन् ।

पोखराकै जेठो संस्था पोखरा उद्योग वाणिज्य संघको ३४ औं महाधिवेशन भदौ २४ र २५ गते हुँदैछ । प्यानल नै निर्माण गरेर अध्यक्षको प्रत्यासीको रुपमा पवनकुमार प्रजापति चुनावी मैदानमा छन् । हाल उनी संघको वरिष्ठ उपाध्यक्ष हुन् । प्रजापति प्यानलतर्फ वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग तर्फ हिरामणी पण्डित, उपाध्यक्ष वाणिज्यतर्फ उत्तममान बुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोला र उपमहासचिवमा शोभा गौतमले उम्मेदवारी दिएका छन् । त्यस्तै सदस्य पदका लागि प्रभा सुवेदी बालकृष्ण कोईराला, विनोद केसी, भीम गौतम, मनोजकुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानांग प्रत्यासी छन् ।

# तीन वर्षमै चुहिन थाल्यो घरेलु कार्यालय भवन

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ भदौं**

एउटा सरकारी कार्यालय भवन निर्माण भएको कति वर्षपछि मर्मत गर्नुपर्ला ? सरकारी मापदण्डमा निर्माण भएको पक्की भवन कम्तीमा पनि १०-१५ वर्ष त केही मर्मतै गर्नुपर्दैन ।

तर घरेलु तथा साना उद्योग कार्यालय बागलुङको भवन निर्माण सम्पन्न भएको तीन वर्षमै मर्मत गर्नुपर्ने अवस्थामा पुगेको छ । बाहिरबाट झट्ट हेर्दा भवन सुन्दर देखिए पनि भित्र पानी रसाउने समस्याले गर्दा भवनको भित्री भाग जीर्ण बन्न पुगेको छ । उक्त भवनको भित्र पानी रसाएर रङसँगै प्लाष्टर उप्किने, छतसमेत चुहिने गरेको छ । भवनभित्र रहेको शौचालयमा जोडिएको पाइप जडान कमजोर हुँदा पानी रसाएर पस्नै नसक्ने अवस्था रहेको छ । जीर्ण रहेको उक्त कार्यालय भवनको करिब तीन वर्षअघि भूकम्पले भत्काएपछि पुनःनिर्माण गरिएको हो । विसं २०७६ भदौ २० गते गण्डकी प्रदेश सरकारका तत्कालीन उद्योग, पर्यटन वन तथा बातावरणमन्त्री विकास लम्सालले भवनको उद्घाटन गर्नुभएको थियो ।

भवनको पहिलो तलाकै भित्तामा प्लाष्टर उप्किएर भवन जीर्ण देखिएको घरेलु तथा साना उद्योग कार्यालय बागलुङका सूचना अधिकारी विष्णुनाथ शर्माले जानकारी दिनुभयो । "सेवाग्राहीले समेत भवन बिग्रिसकेछ भन्नुहुन्छ, भवनको बाहिर मन्त्रीको नामसहितको उद्घाटन बोर्ड छ, सबैले नयाँ भवन कसरी बिग्रिएको भन्नुहुन्छ, भित्ताको प्लाष्टर छुँदा मात्र पनि भुइँमा झर्छ ।" शर्माका अनुसार भवन तत्कालै मर्मत गर्न आवश्यक रहेको छ । भवन रु एक करोड ७० लाखमा पुनःनिर्माण भएको थियो ।

उक्त भवन जिल्ला आयोजना कार्यान्वयन एकाइ भवनले ठेक्कामार्फत निर्माण गरेको हो । भवन निर्माण गर्दा कमसल सामग्री प्रयोग गरेका कारण भवनको गुणस्तर कमजोर भएको कार्यालयको भनाइ छ । भवनको झ्याल-ढोका नलाग्नेलगायतका समस्या रहेको घरेलु तथा साना उद्योग कार्यालय बागलुङले जनाएको छ ।

# नदीपुरमा क्लबस्तरीय पुरुष भलिबल जारी, शुक्रबारदेखि महिलाको खेल हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ भदौं**

पोखरा महानगरपालिका ३ स्थित नदीपुरमा जारी क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिता बिहिबार ६ खेल सम्पन्न भएका छन् ।

पोखरा भलिबल प्रशिक्षण केन्द्रको आयोजनामा नदीपुर छन्त्याल समाजको खेल मैदानमा आज (बिहिबार) भएको पहिलो खेलमा ठाटीको अनुपस्थितिमा ससत्र प्रहरी बल मालेपाटनले वाकओभरमार्फत विजयी बनेको क्लबका अध्यक्ष कुशल प्रसाद छन्त्याललले जानकारी दिए । उनका अनुसार दोस्रो खेलमा गलकोट बाग्लुङले गुरुकुल नयाँबजारलाई २५-१५ र २५-१६ को अंकसहित सोझा सेटमा पराजित गर्यो ।

तेस्रो खेलमा अन्नपूर्ण गाउँपालिकाले कास्की जिल्ला भलिबल प्रशिक्षण केन्द्रलाई २५-१७ र २५-२० को अंकसहित सोझा सेटमा हरायो । चौथो खेलमा माछापुच्छ्रे गाउँपालिका भलिबल संघले धवलागिरीलाई २५-२२ र २५-२१ को अंकसहित सोझा सेटमा पराजित गर्दै दोस्रो चरणमा स्थान बनायो । पाँचौ खेलमा मामा भान्जा टिमले हेडजा भलिबल क्लब तनहुँलाई २५-१८ र २५-१५ को अंकसहित सोझा सेटमा हरायो । त्यसैगरि अन्तिम खेलमा छन्त्याल युवा संघ कास्कीले भूपु गाइजलाई २५-२३, २४- २६ र २५-१७ को अंकसहित २-१ को सेटमा पराजित गरेको थियो ।

महिला तर्फ लामाचौर पुन समाज र प्रदेश प्रहरी तालिम केन्द्र पोखराबीच आज हुने भनिएको खेल अविरल वर्षाका कारण स्थगित भएको थियो । उक्त खेल शुक्रबार बिहानै ८ बजे सञ्चालन गरिने अध्यक्ष छन्त्याललले बताए ।

कार्यक्रम संयोजक मजोज खड्काका अनुसार आगामी २५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमलाई १ लाखसहित शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिनेछ भने उपविजेता टोलीले ६० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछ ।

यसैगरि महिलातर्फ प्रथम र द्धितिय हुने समुहले क्रमशः ४० हजार, २५ हजार र शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, उदीयमान खेलाडी, डिफेन्डर, सेटर र सर्भर घोषित हुने खेलाडीलाईसमेत नगद पुरस्कारको व्यवस्था गरिएको क्लबका सचिव नवीन छन्त्याललले जानकारी दिए ।

उनका अनुसार शुक्रबार पनि प्रवेश शुल्क १ सय नै निर्धारण गरिएको छ । यसभन्दा अघिल्लो संस्करणको प्रतियोगिताबाट संकलित प्रवेश शुल्क मध्येबाट १ लाख मृगौला पीडितलाई सहयोग गरिएको थियो । प्रतियोगितामा पुरुषतर्फ २२ टिमको सहभागिता रहेको छ भने महिला तर्फ १० टिमले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ ।

# बोयर जातको बोकाको माग उच्च

**पोखरापत्र संवाददाता**
**दमौली, २३ भदौं**

तनहुँको बन्दीपुर गाउँपालिकास्थित राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्रले लक्ष्यभन्दा बढी पाठापाठी उत्पादन गरेको छ । आर्थिक वर्ष २०७८/७९ मा अनुसन्धान केन्द्रले विभिन्न बाख्राका जातका तीन सय पाठापाठी उत्पादन गर्ने लक्ष्य राखेको थियो ।

उक्त अवधिमा लक्ष्यभन्दा ६० बढी पाठापाठी उत्पादन भएको केन्द्रका प्रमुख राजु कंडेलले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रबाट खरी, सिन्हाल, बारबरी, जमुनापारी क्रस, शुद्ध बोर, बोर क्रस, शुद्ध सानन र सानन क्रस बाख्राका पाठापाठी उत्पादन गरिएको छ । सो अवधिमा खरीका २५ पाठापाठी उत्पादन गर्ने लक्ष्य राखिएकामा ३४, सिन्हालका तीन, बारबारीका दश पाठापाठी उत्पादन गर्ने लक्ष्य राखिएकामा नौ, शुद्ध बोरका ८० पाठापाठी उत्पादन गर्ने लक्ष्य राखिएकामा एक सय, बोर क्रसका एक सय ५० पाठापाठी उत्पादन गर्ने लक्ष्य राखिएकामा एक सय ५५, शुद्ध साननका १२ पाठापाठी उत्पादन गर्ने लक्ष्य राखिएकामा २५ र सानन क्रसका १३ पाठापाठी उत्पादन गर्ने लक्ष्य राखिएकामा ३४ पाठापाठी उत्पादन भएको छ । अनुसन्धान केन्द्रमा बोयर जातको बोकाको माग उच्च रहेको छ । बोयर जातको बोकाको नेपालमा बढी रुचाइएको कारण यसमा माग बढेको बताइन्छ । "स्थानीय जातको भन्दा बोयर जातको बोकाको माग बढी छ, जमुनापानी, खरी जातको बाख्राको माग पनि उत्तिकै छ," उहाँले भन्नुभयो । केन्द्रले सोही अवधिमा स्थानीय बाख्रामा बोर तथा सानन बोकाबाट सात सानन र २५ बोरको प्रयोग गरी कृत्रिम गर्भाधान गरेको जनाएको छ । साथै विभिन्न ३२ जिल्लामा बोर पाठापाठी वितरण गरिएको छ । तीमध्ये ८४ बोर पाठा र १७ बोर पाठी गरी एक सय एक बोर पाठापाठी वितरण भएका छन् । यसैगरी विभिन्न नौ जिल्लामा सानन जातका नौ, बारबारी दुई र खरी तीन बाख्रा वितरण गरिएको जनाइएको छ ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६